पक्की पुल बनेपछि वर्षौंदेखिको सपना पूरा

रामचन्द्र रायमाझी/हिटा

पाल्पा, २६ असोज

पानी परेर खोला बढे पनि पाल्पा तिनाउ गाउँपालिका दोभानकी व्यवसायी पुष्पा श्रेष्ठ बुटबलबाट सामान ल्याउन पाउँदा खुसी हुनुहुन्छ । घरमुनि नै बगिरहेको दोभान खोलाका कारण गाडी आवतजावतमा समस्या भएपछि तानसेन-बुटबलबाट सामान ल्याउन गाह्रो हुने गर्दथ्यो । अहिले दोभान खोलामा मोटरेबल पुल बनेसँगै सामान आयात निर्यातमा सहज भएपछि धेरै खुशी लागेको उहाँले बताउनुभयो । स्थानीय घर्क थापा पनि खेतमा फलाएको तरकारी घरआँगनबाटै गाडीमा लोड गरेर बेच्न पाएकोमा खुशी हुनुहुन्छ । उहाँ मात्रै होइन, दोभान क्षेत्रका धेरैजसो व्यक्तिहरू आफुले जगाएको तरकारी बेचबिखनमेसँगै शहरबाट सरसमान आयात निर्यातमा सहज भएको बताउँछन् ।

यस क्षेत्रमा यसअघि पुल नबन्दा खोलामा आवतजावतमा समस्या हुने गरेको थियो । तिनाउ गाउँपालिकास्थित दोभान खोलामा पक्की पुल निर्माण भएपछि वर्षौंदेखिको स्थानीयको सपना पूरा भएको छ । गत साउनमा पुल निर्माणको कार्य सम्पन्न भएपछि यहाँ नागरिकहरू सहज रुपमा आवतजावत गर्न पाउँदा निकै खुसी भएका छन् । स्थानीय ७० वर्षीय वृद्ध बुटबलबाट गाडी चढेर आफ्नै आगनमा ओर्लिन पाउँदा सपना जस्तै लागेको बताउनुभयो । उहाँले भन्नुभयो, 'वर्षायाममा समुन्द्र जस्तै हुने तिनाउ खोलामा पक्की पुल बन्दा र आफ्नै घर अगाडिबाट मोटर चढेर बुटबल पुग्न पाइएला भन्ने कल्पना नै थिएन, वर्षौंदेखिको सपना बल्ल साकार भयो ।'

> मुख्य बजार बुटबलदेखि नजिक भए पनि, पुल नहुँदा यहाँ कर्णाली जस्तै थियो ।

सिद्धार्थ राजमार्गको बुटवल-तानसेन खण्डको दोभानदेखि जिल्लाको सत्यवती, कचल, जोड्ने उद्देश्यले साविकको दोभानमा तिनाउ खोलामा पक्की पुलको निर्माण कार्य पुरा भएपछि यस क्षेत्रका कृषक, व्यवसायी समेत उत्साहित भएका छन् । वर्षायामको समयमा राजमार्ग किनारामा सवारी राख्नेर गाउँपालिकाको कार्यालय जानुपर्ने बाध्यता यस वर्षदेखि अन्त्य भएको छ ।

मुख्य बजार बुटबलदेखि नजिक भए पनि, पुल नहुँदा यहाँ कर्णाली जस्तै थियो । अब पुल भएपछि सुगमता प्रवेश गरेको गाउँपालिकाका कर्मचारी निरञ्जन ज्ञामिछानेले अनुभव सुनाउनुभयो ।

यस राजमार्गको अत्यन्त जोखिम ठानिने सिद्धाबाबा दोभान सडक खण्डको वैकल्पिक सडकका रुपमा दोभान, नुवाकोट, बेलबास सडक खण्डबाई जोड्न थप सहयोग र सुरक्षित यात्राका लागि मद्दत पुऱ्याउने गाउँपालिका अध्यक्ष ओमबहादुर घर्तीको भनाइ छ । नेपाल सरकारको आठ करोड लगानीमा दुई स्थानको ७० मिटर लम्बाइ भएको पुलको निर्माण भएको सडक कार्यालयका सूचना अधिकारी शिव खत्रीले बताउनुभयो ।

सुदूरपश्चिम सरकारका पर्यटकीय करिडोर योजना घोषणामै सीमित

सीताराम ओझा/प्रदीप पाठक

धनगढी, २६ असोज

सुदुरपश्चिम प्रदेश सरकारले गत आर्थिक वर्षमा पाँच पर्यटकीय करिडोर निर्माणका लागि ११ करोड २६ लाख रुपैयाँ विनियोजन गरेको थियो । प्रदेशको पर्यटकीय क्षेत्रको सम्भाव्यता अध्ययनका लागि रकम विनियोजन गरिएको हो । तर प्रदेशको उद्योग पर्यटन वन तथा वातारण मन्त्रालयले सम्भाव्यता अध्ययनका लागि सम्झौता समेत गर्न सकेन ।

कोरोना भाइरसको संक्रमणको त्रासपछि गरिएको लकडाउनका कारण काम प्रभावित भएको उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयको पर्यटन ईकाइका प्रमुख भोजराज पाठकले बताउनुभयो । तर चालु आर्थिक वर्षमा करिडोर निर्माणका योजना समेत राखिएको छैन । प्रदेश सरकारले चालु आर्थिक वर्षमा प्रदेशको पर्यटकीय विकासका लागि गुरूयोजना निर्माणका लागि मात्र रकम विनियोजन गरेको पाठकले जानकारी दिनुभयो । गुरूयोजना निर्माणका लागि ४० लाख रकम विनियोजन गरिएको छ ।

खकौला-टीकापुर-कर्णाली पर्यटन विकास

गन्तव्य, महाकाली-दार्चुला पर्यटन विकास गन्तव्य, धनगढी-बुढर-बझाड-कैलाश मानसरोवर पर्यटन गन्तव्य, खुटिया-बीपीनगर-तेघेलेख-दीपायण-सोफेबगर-रामारोशन-बडिमालिका पर्यटन विकास गन्तव्य र झुलाघाट-खोड्पे-बझाड पर्यटन विकास गन्तव्यका लागि गत आर्थिक वर्षमा रकम विनियोजन गरिएको थियो । चालु आर्थिक वर्षमा रकम समेत विनियोजन नगरिएकाये महत्वपूर्ण भनिएको करिडोरका कार्यक्रम तुहिएका हुन् । तर प्रदेशको उद्योग पर्यटन वन तथा वातावरण मन्त्री माया भट्ट भने पर्यटन करिडोरका योजना वार्षिक कार्यक्रमबाटै हटाइएको बारेमा अनभिज्ञ हुनुहुन्छ ।

उहाँले ती कार्यक्रमलाई यसवर्ष पनि निरन्तरता दिइएको बताउनुभयो । पर्यटन करिडोरमा पदमार्ग, भ्यूटावर निर्माण, स्वागत गेट लगायतका संरचना निर्माण गर्ने योजना प्रदेश सरकारको रहेको थियो । तर चालु आर्थिक वर्षमा करिडोरको कार्यक्रम प्रदेशको रातो किताबबाट समेत हटाइएको छ । सुदुरपश्चिम सरकार कार्यकता खुसी पर्न मन्दिरमा लगानी गर्दै आएको आरोप लाग्दै आएको छ । चालु आर्थिक वर्षका झण्डै ५० करोडका पर्यटन विकासका कार्यक्रम समेत कार्यकर्तामुखी रहेको आरोप लागेको छ ।

क्विक रेसपोन्स टिमद्वारा निःशुल्क उपचार

पुरन साह/हिटा

जनकपुरधाम, २६ असोज

कोरोना भाइरस कोभिड-१९ महामारीका बेला दैनिक खानपानमा नै समस्या भइरहेका बेला सुलभ स्वास्थ्य उपचार दुर्लभ हुने नै भयो । लकडाउनको सुरु-सुरुमा त चिकित्सहरू नै घर घरमा सुक्नेपछि उपचार अभावकै कारण पनि धेरैले ज्यान गुमाउनुपऱ्यो । स्वास्थ्य उपचार पटकै पाउन छोडेपछि त्रसित विपन्न परिवारका लागि भने केही संस्थाहरू अगाडि सरेका छन् ।

महेन्द्र नारायण निधि स्मृति प्रतिष्ठानको अगुवाइमा प्रतिष्ठानकै जनकपुरधामस्थित शुभेच्छुकहरू तथा कोभिड-१९ मा समाजसेवाका लागि गठित क्विक रेसपोन्स टिमको संयुक्त आयोजनामा यस क्षेत्रका गरिब विपन्नहरूका लागि उनीहरूकै वढा र टोलहरूमा निःशुल्क स्वास्थ्य शिविरको आयोजना गर्ने गरिएको छ । टिमले गरिब विपन्न बस्तीहरूमै चिकित्सकहरू सहित पुगेर निःशुल्क स्वास्थ्य शिविर चलाइरहेको छ । प्रत्येक शनिवार गरी अहिलेसम्म पाँची सप्ताहमा विभिन्न वडामा गरी करिब दुई हजार स्थानीयले स्वास्थ्य उपचार गराएको टिमका संयोजक मनोज साहको भनाइ छ ।

निःशुल्क शिविरमा हरेक विभागका विशेषज्ञ चिकित्सहरूको टिमले सम्बन्धित विरामीहरूको उपचार गर्ने गरेको छ । त्यती मात्र होइन प्याथोलोजी ल्याबको परीक्षणका साथै औषधी समेत निशुल्क वितरण भइरहेको टिमले जनाएको छ । वढा र टोलमै निःशुल्क स्वास्थ्य उपचार सेवा पाएपछि स्थानीयवासीमा समेत हर्ष छ ।

सट्टाबाजी गर्ने सातजना पक्राउ

काठमाडौं/हिटा । यूएईमा जारी इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा सट्टाबाजी खेलाउने सात जना पक्राउ परेका छन् । काठमाडौं कालीमाटी क्षेत्रमा सट्टाबाजी भइरहेको सूचनाका आधारमा महानगरीय प्रहरी वृत्त कालीमाटीबाट डिएसपीको कमान्डमा खटिएको प्रहरीले सातजनाबाई पक्राउ गरेको हो । पक्राउ पर्नेमध्ये चारजना भारतीय छन् । पक्राउ पर्नेमा कमलपोखरीको कोनार्क इन होटलमा बस्दै आएका कुलदीप शरण, सञ्जीव शरण, कुलेश्वर बस्दै आएका अजय गौतम र नविज जैन छन् । त्यस्तै सिन्धुपाल्चोक घर बताउने प्रदीप घिमिरे, कुलेश्वरका उत्तम सापकोटा, सोल्टीमोडका अनिलकुमार वंशलबाई पनि पक्राउ गरिएको छ । उनीहरूको साथबाट दुई थान मोटरसाइकल र एक लाख ८५ हजार १२० रुपैयाँ बरामद गरिएको प्रहरीले जनाएको छ ।

नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय

कम्पनी रजिष्ट्रार कार्यालय बारेको कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/०१/३१ मा दर्ता भएको प्रा. लि. नं. १४९२२० को **बालाजी स्टिल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०७७/०६/२३ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजीम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

संस्थाको ठेगाना सच्याइएको बारे

आदरणीय शेयर सदस्य महानुभावहरु,

यस सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड, पोखरा, कास्कीको मिति २०७७/०६/२६ गते सोमबारका दिन हिमालय टाइम्समा प्रकाशित गरिएको यस संस्थाको १३ औं वार्षिक साधारण सभाको सुचनामा संस्थाको ठेगानामा त्रुटि भएको हुँदा यस प्रकाशित सुचना अनुसार ठेगाना परिवर्तन गरि सच्याइएको छ ।

सूर्यदर्शन बचत तथा ऋण सहकारी संस्था लिमिटेड
Suryadarshan Saving & Credit Co-operative Ltd.
Nalakomukh-4, Pokhara, Nepal, Tel.: 061-528539, 532634, Fax: 061-532633

हकदावीको सूचना

पाल्पा जिल्ला, (साविक मदनपोखरा गा.वि.स. वढा नं. ६ को) हाल तानसेन नगरपालिका वडा नं ९ बस्ने कोषव राज अर्यालको नाति कुल प्रसाद अर्यालको छोरा रामजी अर्याल र गोरखा जिल्ला, (साविक सौरपानी गा.वि.स. वढा नं. ३ को) हाल सुलीकोट गाउंपालिका वडा नं. ४ बस्ने दल बहादुर ढकालको नाति टेक बहादुर ढकालको छोरा श्रीमती उमा थापा ढकालकी पति लाल बहादुर ढकालको नामका यस बैकको ठमेल शाखामा संयुक्त बचत खाता नं. ०९८००५७७६९०७७ खोली कारोवार गर्दै आउनु भएकोमा निज खातावालहरू मध्ये लाल बहादुर ढकालको मिति २०६८/१०/१० मा मृत्यु भएको र निज खातावालहरूले खाता खोल्दाका बखत कसैलाई नड्काइएकोले खातामा रहेको रकम पाउँ भनी संयुक्त खातावालमध्यका श्री रामजी अर्यालले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणितको प्रमाणपत्र र खातावालका श्रीमतीको मन्जुरीनामा सहित यस बैक समक्ष निवेदन दिनु भएकोले बैक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ११९(२) को प्रयोजनार्थ अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा निवेदकको नगदमोजिम खाताको रकम भुक्तानी गरिने व्यहोरा सूचित गरिन्छ ।

HBL Himalayan Bank Ltd.
ठमेल शाखा, काठमाडौं, नेपाल

Bhumikasthan Municipality
Office of Municipal Executive
Nuwakot, Arghakhanchi

Invitation For Bid

Date of publication: 13-10-2020 (2077-06-27)

1. A complete set of Bidding Documents may be purchased from the office of Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee for tender documents as mentioned in the following table. Or
Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost (as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher should be uploaded by the bidder at the time of electronic submission of the bids.
Information to deposit the cost in the Bank:,
Name of the Bank: Century Bank, Nuwakot, Arghakhanchi
Name of Office: Bhumikasthan Municipality
Rajaswa (Internal revenue) Account no. :0900000013GE Office Account no. 0900000004GE (Dharauti)
2. Pre-bid meeting shall be held at Bhumikasthan Municipality, office of the Municipal Executive, Nuwakot, Arghakhanchi at 1.00 pm on 01-11-2020 (2077-07-16)
3. Sealed or electronic bids must be submitted to the office Bhumikasthan Municipality, Nuwakot, Arghakhanchi by hand/courier or through PPMO website www.bolpatra.gov.np/egp. Bids received after this deadline will be rejected.
4. Bidders other details are as given below:

Tender No.	Name of Project	Bid Price	Estimate cost (with Vat)	Bid Security Amount In NRs	Bid security valid period	last date of Bid purchase	last date of Bid submitted	Bid Open
12/BMA/W/RM /2077/078	Chautara Ratamata Chaura Lewase Raikhanne Malarani Road Construction	NRs. 3000.00 (Not Refundable)	50,01,975.73	NRs. 1,25,000	120 days	11-11-2020 (2077 -07-26)	12-11-2020 (2077 -07-27) 12.00 noon	12-11-2020 (2077 -07-27) 1.00 PM
13/BMA/W/SBs /2077/078	Dharapani Kalleri Phalamkhilli Lamchi Asurkot Road Upgrading	NRs. 1000.00 (Not Refundable)	50,01,101.88	NRs. 1,25,000				
14/BMA/W/RM /2077/078	Udayathanti Chautara Pauwasajhiaanpakarukha Lamchi Road Upgrading	NRs. 3000.00 (Not Refundable)	50,01,023.56	NRs. 1,25,000				
15/BMA/W/RM /2077/078	Baraneta Pandanda Ghorakhori Sallendhara Jhimruk Road Upgrading	NRs. 3000.00 (Not Refundable)	50,01,820.00	NRs. 1,25,000				
16/BMA/W/RM /2077/078	Bhujelpani Sandeva Bahakhor Deva Road Upgrading	NRs. 3000.00 (Not Refundable)	50,01,320.00	NRs. 1,25,000				
17/BMA/W/RM /2077/078	Budhichaur Putke Dadhuwa Paku Laxmi Danda Jhimruk Road Upgrading	NRs. 3000.00 (Not Refundable)	50,01,112.21	NRs. 1,25,000				

5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
6. Other details are available on the E-Procurement Section of PPMO Web Site www.bolpatra.gov.np/egp and Bhumikasthan municipality Office website: www.bhumikasthanmun.gov.np.